# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com

प.स २०८०/०८१
च.नं: ९६३

मिति :२०८१/०१/०३

श्री सबै विद्यालयहरु माण्डवी गाउँपालिका, प्यूठान।

विषयः निर्देशन ।

प्रस्तुत विषयमा शैक्षिक शत्र २०८० को बार्षिक परीक्षाको नतिजा प्रकाशन र नयाँ शैक्षिक सत्रको गतिविधि तपसिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

- शैक्षिक सत्र २०८० को वार्षिक शैक्षिक कार्यतालिका अनुसार २०८०।१२।२७ गते सम्पूर्ण कक्षाहरुको वार्षिक नतिजा अनलाइन इमिस प्रणालीबाट प्रकाशन गर्ने,आफ्नो सेवा क्षेत्र जुन जुन ठाउँबाट विद्यार्थी आउने गरेका छन् उक्त गाउँका टोल विकास समिति र वडा शिक्षा समिति मार्फत हरेक अभिभावकको घरमा पुग्ने गरी ***विद्यालय निमन्त्रणा पत्र*** पठाई नतिजा प्रकाशनका दिन उपस्थित गराउने, ECD मा अनिवार्य बालबालिकालाई सम्पुर्ण कागजात र अभिभावक शिक्षा सञ्चालन गर्ने साथै नतिजाको दिगो अभिलेखीकरण गर्ने,
- शैक्षिक वर्ष २०८० को विषयगत, कक्षागत, तहगत र समग्र विद्यालयको शैक्षिक उपलब्धिको समिक्षा र शैक्षिक क्यालेन्डर २०८१ बमोजिम विद्यालय वार्षिक कार्यतालिका र कार्ययोजना निर्माण गर्ने,
- मिति २०८० साल चैत्र २७ गतेको प्रधानाध्यापक बैठकको निर्णयानुसार **भर्ना अभियानको विद्यालय कार्ययोजना बमोजिम** बैशाख २ गतेदेखि ९ गतेसम्म सघन रुपमा भर्ना अभियानको कार्य सम्पन्न गर्ने र वैशाख ९ गतेदेखि समयसारणी निर्माण गरी दैनिक नियमित कक्षा सञ्चालन गर्ने । संगसंगै बैशाख ९ गतेदेखि ३१ गते सम्म भर्ना हुन बाँकी विद्यालय बाहिर रहेका आफ्नो सेवा क्षेत्र भित्रका बालबालिकाहरुलाई खोजी गरी विद्यालय भित्र ल्याउने कार्य गर्ने,
- अपाङ्गता,आर्थिक रुपले अति विपन्न,अभिभावक विहिन बालबालिकालाई विद्यालयमा भर्ना गर्ने र ती बालबालिकाको शिक्षाको सम्पूर्ण जिम्मा गाउँपालिकाले लिने भएकाले विवरण गाउँपालिकमा बुझाउने,
- विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने,
- बैशाख ९ गते शिक्षकहरु बिचमा शैक्षिक कार्य विभाजन गर्ने,
- बैशाख ९ गते विद्यालयको दैनिक समयतालिका र दैनिक दिवा खाजा मेनु गाउँपालिकमा बुझाउने ,
- बैशाख ९ गते शिक्षकहरु बिचमा शैक्षिक कार्य विभाजन गर्ने,
- शैक्षिक बर्ष २०८० को विद्यार्थी छात्रवृति वितरण गर्न बाँकी भए अविलम्ब वितरण गर्ने,
- बैशाख १४ गते भित्र विद्यालय शिक्षाको पाठ्यक्रम र विद्यार्थी मूल्याङ्कन प्रणालीबारे छलफल गर्ने।

..........................
ध्रुव कुमार पोखेल
नि. प्रमुख प्रशासकीय अधिकृत